गौरीशंकर गाउँपालिका ४२ औ कार्यपालिका बैठक

आज मिति २०८२।०४।१५ गते यस गौरीशंकर गाउँपालिकाको ४२ औ कार्यपालिका बैठक गौरीशंकर गाउँपालिका अध्यक्ष श्री विश्वास कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री विश्वास कार्की |
| २. | उपाध्यक्ष | श्री उमा लुङ्गेली मगर शेर्पा |
| ३. | वडा नं १ अध्यक्ष | श्री प्रकाश बहादुर खड्का |
| ४. | वडा नं २ अध्यक्ष | श्री रोहित बुढाथोकी |
| ५. | वडा नं ३ अध्यक्ष | श्री युग बहादुर बस्नेत |
| ६. | वडा नं ४ अध्यक्ष | श्री शिवहरी खत्री |
| ७. | वडा नं ५ अध्यक्ष | श्री सुन्दर खड्का |
| ८. | वडा नं ६ अध्यक्ष | श्री निमासाङ्गे शेर्पा |
| ९. | वडा नं ७ अध्यक्ष | श्री सोनाम शेर्पा |
| १०. | वडा नं ८ अध्यक्ष | श्री दावारेन्जी शेर्पा |
| ११. | वडा नं ९ अध्यक्ष | श्री ङिमगेली शेर्पा |
| १२. | कार्यपालिका सदस्य | श्री गंगा चर्मकार सार्की |
| १३. | कार्यपालिका सदस्य | श्री देवी घतानी |
| १४. | कार्यपालिका सदस्य | श्री जिमि शेर्पा |
| १५. | कार्यपालिका सदस्य | श्री डोमा शेर्वा |
| १६. | कार्यपालिका सदस्य | श्री आङदोर्जी शेर्पा |
| १७. | कार्यपालिका सदस्य | श्री लानुरी शेर्पा |
| १८. | प्रमुख प्रशासकिय अधिकृत | श्री रिजेश उपरकोटी |

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गरी, दोलखा
२०७३

**निर्णय नं १ : पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस अघि सम्पन्न भएको कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन स्थितिका बारेमा समिक्षा सम्पन्न भयो ।सो सम्बन्धमा योजना कार्यान्वयनमा द्रुतता ल्याउनलाई थप निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं २ : योजना कार्यान्वयन सम्बन्धमा**

गौरीशंकर गाउँपालिकाको आ.ब. २०८२।८३ को वडागत योजनाहरु सुत्र प्रणालिमा प्रविष्ट भई कार्यान्वयनमा गएको जानकारी कार्यापालिकामा गरियो । सो सम्बन्धमा योजना भुक्तानीको क्रमलाई थप तिव्र गतिमा लगि यस आर्थिक वर्षको जेठ मसान्त भित्रनै सबै योजना भुक्तानी गर्नका लागी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ३ : घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७६ संशोधन सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस गौरीशंकर गाउँपालिका घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७६ को दफा २ को नयाँ ईजाजतपत्र सम्बन्धी व्यवस्था अनुरुप अनुसूची ५ मा रहेको मेसिन र उपकरण सम्बन्धी व्यवस्था अन्तर्गत ट्रयाक्टर वा टिपर एक थानको स्वामित्वको प्रमाणपत्र पेश गर्नुपर्ने भन्ने व्यवस्थालाई शंशोधन गरी स्वामित्वको प्रमाणपत्र वा कम्तीमा २ वर्षको लागी निर्माण व्यवसायीले सो उपकरणहरु लिजमा लिएको सम्झौता पत्र पेश गर्नु पर्ने व्यवस्था लागु गर्ने निर्णय गरियो ।

**विविध : सडक मर्मत सम्बन्धमा**

गौरीशंकर गाउँपालिका वडा नं ३ मिन्दिन डाडाँखर्क सडक खण्डमा पहिरो गई अत्यावश्यक रुपमा सडक मर्मत गर्नुपर्ने भिन वडा कार्यालयबाट निवेदन सहित माग भएकोमा उक्त सडक खण्ड मर्मतका लागी रु ५ लाख ५० हजार रुपैया कार्यपालिका निर्णयबाट हुने पूँजिगत खर्चमार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

रिजेश उप्रेकोटी
प्रमुख प्रशासकीय अधिकृत

बिश्वास कार्की
अध्यक्ष